**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

**गुणस्तर सुनिश्चितता परिक्षणको लागि आशय पत्र पेश गर्ने सूचना एवं कार्यविवरण**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०७**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बचत तथा ऋण सहकारी संघ संस्थाहरुको शिर्ष संघ हो । हाल यस संघमा ४४०० सदस्य संस्थाहरु आवद्ध रहेका छन । यस संघद्धारा सञ्चालित गुणस्तर सुनिश्चितता परीक्षणका लागि विज्ञ समुह आवश्यक परेकोले देहायको योग्यता प्राप्त गरेका लेखा परीक्षक फर्महरुबाट तपशिलको न्यूनतम शर्तनामाहरुभित्र रहि वित्तीय एवं प्राविधिक आशयपत्र सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रको कार्यालय समयभित्र आईपुग्ने गरि पेश गर्न यो सूचना जारी गरिएको छ ।

**१. फर्म वा व्यक्तिको योग्यता**

क) गुणस्तरीय लेखापरीक्षण गर्ने फर्म स्थापना भएको कम्तिमा ३ वर्ष भएको ।

ख) कम्तिमा १ जना चार्टड एकाउन्टेन्टको नेतृत्वमा कम्तिमा ५ जना परीक्षक कर्मचारी भएको ।

ग) सहकारी क्षेत्रको लेखापरीक्षणको अनुभव सहित कम्तिमा ३ वर्ष लेखापरीक्षण गरेको अनुभव

घ) पछिल्लो वर्ष Institute of Chartered Accountants of Nepal (ICAN) बाट स्वीकृत पत्र नविकरण गराएको ।

ङ) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र

**२. गुणस्तर सुनिश्चितता परीक्षणको दायरा**

संघले जारी गरेको गुणस्तर सुनिश्चितताको कार्यक्रम पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम Program for Building Absolute & Professionalization को गुणस्तर अनुपालन परीक्षण **PROBATION Audit Manual-2023** को दायरा बमोजिम सुपरिवेक्षकीय मूल्यांकन गर्नुपर्नेछ । **PROBATION Audit Manual-2023 संघको वेभसाइट https://www.nefscun.org.np/downloads/ मा गइ डाउनलोड गर्न सकिनेछ ।**

जस अन्तर्गत मुख्य रुपमा देहायको विषयहरुको परीक्षण गरि प्रतिवेदन पेश गर्नुपर्नेछ ।

क) पल्सको २८ वटा सूचकहरुको अवस्था र यसको शुद्धता जाँच
ख) जोखिम भारित सम्पत्ति र पूँजी पर्याप्तता मापन
ग) सदस्य केन्द्रीयता सूचकांक
घ) संस्थागत विकास र जोखिम व्यवस्थापनको अवस्था
ङ) व्यवस्थापन कार्यकुशलता तथा सक्षमता
च) सुशासन र जवाफदेहिताको अवस्था
छ) कानुनी अनुपालनाको अवस्था

**३. परीक्षण समय र विधि :**

क) परीक्षणमा जानुपूर्व छनौट भएको फर्मले को कसलाई परीक्षकको रुपमा पठाउने हो, निजको परीक्षकको योग्यता सम्बन्धि कागजात उपलब्ध गराउनुपर्दछ । तोकिएको परीक्षकहरु संघको पत्र लिई तोकिएको संस्थामा जानुपर्नेछ ।

ख) एक संस्थामा कम्तिमा १ जना चार्टड एकाउन्टेन्ट र १ जना सहायक कर्मचारी गरि २ जना जानुपर्नेछ ।

ग) अन्तिम परीक्षणमा जानुपूर्व संघको गुणस्तर सुनिश्चितता कार्यक्रम हेर्ने अधिकृतले पेश गरेको सुपरिवेक्षकीय मूल्यांकन प्रतिवेदन, वित्तीय विवरणहरु अध्ययन गरी जोखिमको क्षेत्रहरु पहिचान गरिएको हुनुपर्दछ ।

घ) परीक्षण समय : १ पटक भौतिक रुपमा संस्थामा नै गई १ अर्ब माथिको वासलात भएको संस्थाको लागि आतेजाते समय बाहेक २ कार्यदिन स्थलगत अन्वेषण गर्नुपर्नेछ भने प्रतिवेदन तयारीको लागि १ दिनको समय निर्धारण गरिएको छ । १ अर्बभन्दा कम वासलात भएको संस्थाको लागि १ कार्यदिन स्थलगत अन्वेषण र प्रतिवेदन तयारीको लागि १ दिनको समय निर्धारण गरिएको छ ।

ङ) छनौट भएको फर्मले कार्य जिम्मेवारी प्राप्त गरेको १५ दिनभित्रमा अन्तिम परीक्षण प्रतिवेदन पेश गरिसक्नुपर्नेछ ।

च) परीक्षण पश्चात परीक्षण प्रतिवेदन गुणस्तर सुनिश्चितता प्राविधिक परामर्श समितिलाई हस्तान्तरण गर्नुपर्नेछ । आवश्यकता अनुसार प्रतिवेदनको बिफ्रिङ गर्नुपर्नेछ ।

**४. परीक्षणको लागि जानुपर्ने क्षेत्र : नेपालभर जुनसुकै जिल्ला वा स्थान हुन सक्नेछ ।**

**५. गुणस्तर परीक्षण गर्ने फर्मको मूल्यांकन :**

क) न्यूनतम योग्यता पुरा गरेका प्रस्तावहरुलाई मात्र मूल्यांकनको लागि समावेश गरिनेछ ।

ख) योग्यता पुगेका सि.ए. फर्महरुको अनुभव, परीक्षण गर्ने कर्मचारी संख्या समेतलाई मध्यनजर गरी कम मूल्य तोकी आर्थिक प्रस्ताव पेश गर्ने फर्मलाई छनौटको प्राथमिकता दिईनेछ ।

**६. केन्द्रीय संघले बहन गर्ने दायित्व :**

क) छनौट भएको फर्मलाई साकोसको कारोबार रकम अनुसारको कार्यदिन, रिपोर्ट लेखनको कार्यदिनको आधारमा प्रस्ताव पत्रमा स्वीकृत दर अनुसारको रकम कार्यसम्पन्न भई प्रतिवेदन पेश भएको १५ दिनभित्रमा भुक्तानी गरिनेछ ।

ख) हवाई यातायात एवं अन्य स्थानीय यातायात वास्तविक खर्चको आधारमा उपलब्ध गराईनेछ ।

ग) दैनिक भ्रमण आवासको रकम संघको नियमानुसार अधिकृत तहको लागि स्विकृत भएको दररेट अनुसार उपलब्ध गराईनेछ । हाल संघको नियमानुसार प्रतिव्यक्ति प्रतिदिन रु. तीन हजार रहेको छ । उपत्यका र उपत्यकाबाहिर उपत्यकाबाट २५ किलोमिटरसम्मको दुरिमा रहेको संस्थाको लागि दैनिक भ्रमण आवास रकम उपलब्ध हुनेछैन ।

घ) सम्झौता भएको फर्मबाट प्रस्तावित परीक्षकलाई गुणस्तर परिक्षणको म्यानुअल सम्बन्धमा संघले तोकेको स्थानमा १ दिनको अभिमुखीकरण गरिनेछ । परीक्षणमा जाने परीक्षक अनिवार्य सहभागी हुनुपर्नेछ ।

**७. छनौट भएको फर्मको दायित्व**

क) संघले अभिमुखिकरणका लागि तोकेको दिनमा गुणस्तर परीक्षणमा जाने अडिटर (सि.ए.) र सहायक कर्मचारीलाइ अभिमुखीकरणमा सहभागी गराउनुपर्नेछ ।

ख) अभिमुखीकरण गरिएको दिनबाट १५ दिनभित्रमा संघले तोकेको संस्थाहरुमा गइ PROBATION Audit Manual-2023 अनुसार तोकिएको ढाँचामा प्रतिवेदन तयार गर्ने ।

ग) गुण्स्तरीय परीक्षण पश्चात प्रतिवेदन संघको गुणस्तर सुनिश्चितता प्राविधिक परामर्श समितिलाई हस्तान्तरण गर्नुपर्नेछ। आवश्यकता अनुसार प्रतिवेदनको बिफ्रिङ गर्नुपर्नेछ ।

**७. प्रस्तावपत्र पेश गर्ने ठेगाना र तरिका :**

***७.१ आशयपत्र पेश गर्ने ठेगाना :***

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. मिनभवन, काठमाण्डौं (नेपाल कमर्श क्याम्पस पछाडी)

पो.ब.नं :९१६९, केन्द्रीय कार्यालय, प्रशासन विभाग

***७.२ वित्तीय प्रस्ताव:***

| २०८१/८२ को बाह्य लेखा परीक्षण प्रतिवेदन अनुसार १ अर्ब वा सो भन्दा माथि वासलात भएको संस्थाको लागि प्रति संस्था | | | |
|---|---|---|---|
| **विवरण** | **दर** | **रकम** | **कुल** |
| २ कार्यदिन स्थलगत अन्वेषण | | | |
| १ कार्यदिन प्रतिवेदन तयारी | | | |
| प्रति संस्था | | | |
| २०८१/८२ को बाह्य लेखा परीक्षण प्रतिवेदन १ अर्बभन्दा कम वासलात भएको संस्थाको लागि प्रति संस्था | | | |
| १ कार्यदिन स्थलगत अन्वेषण | | | |
| १ कार्यदिन प्रतिवेदन तयारी | | | |
| प्रति संस्था | | | |

***७.३ प्राविधिक आशयपत्र***

| क्र.सं | क्षेत्र |
|---|---|
| १ | इच्छुक संस्थाको आशयपत्र पेश गरिएको पत्र (कभर लेटर) |
| २ | सूचनामा तोकिएको योग्यता पुरा गरेको सम्बन्धमा । |
| ३ | जनशक्तिको उपलब्धता सक्षमता । |
| ४ | अनुभव र सक्षमता सम्बन्धी विवरणहरु । |
| ५ | अन्य थप विवरणहरु |

सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिनभित्र प्राविधिक एवं वित्तीय आशयपत्र छुट्टाछुट्टै खामबन्दी गरि गरि पेश गर्नुपर्नेछ ।

**८. छनौट भएको फर्म वा व्यक्तिबाट गुणस्तर परिक्षण गर्ने संस्थाको आ व २०८१/८२ को अडिट भएको रहेछ भने वैकल्पिक फर्म वा व्यक्तिलाइ गुणस्तर परीक्षण गर्न दिइनेछ । संघको २०८१/०८२ को आन्तरिक लेखा परिक्षक वा बाह्य लेखा परीक्षक फर्म ले आशयपत्र पेश गर्न पाउनेछैन ।**

**९. संघमा पेश भएका आशयपत्रहरु पूर्व सूचना दिई वा नदिई रद्ध गर्ने अधिकार संघलाई रहनेछ ।**